यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ९ ○अंक ३६ ○श्रेणी 'क' ○२०७३ कार्तिक १९ गते शुक्रबार ○ 4 Nov. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, सिटल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४५२५

भारतका राष्ट्रपति मुखर्जी पोखरा आउँदै

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ कार्तिक ।

भारतीय राष्ट्रपति प्रणव मुखर्जीको सवारीका लागि पोखरामा पूर्व अभ्यास गरिएको छ । मुखर्जी पोखरा विमानस्थलमा अवतरण भएपछि आरामको लागि जाने होटल र होटलबाट कार्यक्रम स्थल सम्म कसरी लैजाने र विमानस्थलसम्म पुनः कसरी ल्याउने भन्ने बारे सुरक्षा निकायले पूर्व अभ्यास गरेको हो । मुखर्जीको सवारीलाई व्यवस्थित गर्नका लागि अघिल्लो दिन पूर्व अभ्यास गरिएको हो । पूर्व अभ्यासको क्रममा सवारी रुटमा अन्य सबै सवारी बन्द गरिएको थियो । विहिवार विहान गरिएको पूर्वअभ्यासमा सबै सुरक्षा निकायका पोखरा स्थित प्रमुख, क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी लगायतको सहभागीता थियो । तीन दिने भ्रमणको अन्तिम दिन भारतीय राष्ट्रपति मुखर्जी जनकपुर हुँदै पोखरा आउने कार्यक्रम छ । भ्रमण तालिका अनुसार उनी आज (शुक्रवार) दिउसो पौने १ बजे पोखरा विमानस्थलमा ओर्लिनेछन् । त्यसपछि विहानी खाना र केहिबेर आरामका लागि विरौटा स्थित होटल पोखरा ग्रान्डमा जानेछन् । त्यसपछि पोखरा-१० रामबजार स्थित भारतीय पेन्सन क्याम्पमा आयोजित कार्यक्रममा सहभागी हुने र भूतपूर्व भरतीय गोर्खा सैनिकलाई सम्बोधन गर्ने कार्यक्रम छ । त्यहाँको कार्यक्रम सकिएपछि अपरान्ह ४ बजे उनी काठमाडौं फर्किने कार्यक्रम छ ।

मुखर्जी पोखरामा रहने सबा तीन घण्टाको समयलाई सुरक्षित बनाउन पोखरामा १ हजार ५ सय भन्दा बढी सुरक्षाकर्मी खटिने भएका छन् । उनको सुरक्षाका लागि चार वटा सुरक्षा निकायका १४ सय ५९ सुरक्षाकर्मी परिचालित हुनेछन् । स्रोतका अनुसार उनको सुरक्षामा ३८७ नेपाली सेना, ५६४ नेपाल प्रहरी, ४५७ सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका ५९ सुरक्षाकर्मी परिचालित हुनेछन् । मुखर्जीको सुरक्षाका लागि विशेष सुरक्षा योजनानै तयार गरिएको छ । सुरक्षालाई चुस्त बनाउन पोखरा नगर क्षेत्रमा सादा पोषाकमा वाक्लो मात्रामा सुरक्षाकर्मी परिचालित छन् । सबै सुरक्षा निकायका काठमाडौंबाट आएका विशेष सुरक्षा टोली सादा पोशाकमा नगर क्षेत्रमा खटिसकेका छन् ।

यसैबीच मुखर्जीको स्वागतका लागि आवश्यक सबै तयारी पूरा भएको छ । पश्चिमाञ्चल क्षेत्रीय प्रशासक खगराज बरालको संयोजकत्वमा गठित मुल व्यवस्थापन समिति र अन्य उपसमितिले तयारी पूरा गरेका छन् । राष्ट्रपतिको स्वागतका लागि आवश्यक स्वागतद्वार निर्माण गरिएको छ भने उनको सवारी हुने सडकलाई मर्मत गरिएको छ । विभिन्न जातजातिका झाँकी र बाजागाजा सहित उनको स्वागत गर्ने तयारी छ । कार्यक्रम हुने स्थल पेन्सन क्याम्प भित्रको तयारी पनि पूरा भएको छ ।

यसैबीच ट्राफिक प्रहरी कार्यालय कास्कीले पोखरा आगमनको क्रममा भारतीय राष्ट्रपति प्रणव मुखर्जीको सवारीका बेला वैकल्पिक रुटको प्रयोग गर्न आग्रह गरेको छ । प्रहरीले राष्ट्रपतिको सवारी हुने होटल पोखरा ग्राण्डदेखि विरौटाचोक, एयरपोर्ट, नागडुङ्गा, पृथ्वीचोक, चाइनापुल, बुद्धचोक हुँदै रामबजार स्थित भारतीय पेन्सन क्याम्प सम्मको रुटको विकल्प रोज्न आग्रह गरेको हो । सो रुटमा शुक्रबार मध्यान्हदेखि अपरान्हसम्म सवारी अवरुद्ध हुने भएकाले वैकल्पिक रुटको प्रयोग गर्न ट्राफिक प्रहरीले सर्वसाधारणलाई आग्रह गरेको छ ।

मुखर्जीको सवारी हुनुभन्दा आधा घण्टा अघिबाट सो रुटमा अन्य सवारी सञ्चालनमा रोक लगाइने र उनको सवारी सकिने बित्तिकै खुल्ला हुने प्रहरीले जनाएको छ । 'सो रुटमा राष्ट्रपतिको सवारी हुनुभन्दा आधा घण्टा अघिदेखि अन्य सवारी सञ्चालनमा रोक लगाइन्छ', प्रहरी निरीक्षक विश्वराज अधिकारी भने-'राष्ट्रपतिको सवारी हुने रुटको वैकल्पिक रुट प्रयोग गर्न आग्रह गर्छौं ।'

ट्राफिक प्रहरी कार्यालय कास्कीले विज्ञप्ती जारी गर्दै सवारीको समयमा सो रुट अन्तर्गत चल्ने सवारीलाई अन्य वैकल्पिक रुट प्रयोग गर्न आग्रह गरेको छ । पृथ्वी राजमार्ग अन्तर्गत अमरसिंहचोक बाट पृथ्वीचोक तर्फ आउने सवारी, पोखरा बाग्लुङ राजमार्ग अन्तर्गत पृथ्वीचोकसम्म चल्ने सवारी तथा सिद्धार्थ राजमार्ग अन्तर्गत विरौटाचोक देखि एयरपोर्टबाट पृथ्वीचोक हुँदै चल्ने सवारीलाई राष्ट्रपति आवत-जावतको समयमा अर्कै रुट भएर सञ्चालन गर्न भनिएको छ । त्यस्तै पोखरा नगरक्षेत्रमा सञ्चालन हुने सवारीलाई पनि सो रुटको वैकल्पिक रुट प्रयोग गर्न आग्रह गरिएको छ । राष्ट्रपति सवारीको आधा घण्टा अघि अन्य सवारीलाई रोक लगाइने भएपनि सो रुटमा सवारी व्यवस्थापन गर्न अन्य वैकल्पिक रुटको प्रयोगका लागि आग्रह गरिएको प्रहरी निरीक्षक अधिकारीले बताए ।

भारतका राष्ट्रपति प्रणव मुखर्जीको भ्रमणको तयारीका सिलसिलामा पोखरामा पूर्वाभ्यास गर्दै कारगेड ।

मुखर्जी पोखरा आउनुअगावै विरोध

तीन दिने नेपालमा भ्रमणका क्रममा काठमाडौंमा रहेका भारतीय राष्ट्रपति प्रणव मुखर्जी पोखरा आउनुअगावै यहाँ विरोध सुरु भएको छ । भारतीय राष्ट्रपति शुक्रवार पोखरा भ्रमणमा आउँदैछन् । नाकाबन्दी गरेर सारा नेपालीलाई दुःख दिने भारतका राष्ट्रपतिको स्वागत गर्न नसकिने भन्दै स्थानीय युवाहरुले बुधवार राति मुखर्जीको स्वागतार्थ पोखरामा बनाइएको स्वागत गेट तोडफोड गरेका छन् । जिल्ला प्रहरी कार्यालय कास्की स्रोतका अनुसार बुधवार राति युवाहरुको समूहले इन्द्रचोक नजिकै बनाइएको स्वागत गेट तोडफोड गरिदिएका हुन् । उनीहरुले गेटमा स्वागत छ पोखरामा भनेर लेखिएको फ्लेक्स र राष्ट्रपति मुखर्जीको फोटो च्यातेका छन् । यता प्रहरीले भने सामान्य च्यातिएको बताएको छ ।

कास्कीका प्रहरी प्रवक्ता डीएसपी गजुसिद्धी बजाचार्यले गेटमा सामान्य च्यातिएको तर यो इन्टेनसनल्ली नभएको दावी गरे । उनका अनुसार सो स्थानमा च्यातिएको फ्लेक्स निकालेर प्रहरीले नयाँ फ्लेक्स लगाइसकेको छ । स्वागत गेटको सुरक्षाका लागि पोखरा सहरभरी अहिले प्रहरीले निरन्तर गस्ती गरिरहेका छन् ।

प्याराग्लाइडिङ उडाउन रोक

तीन दिने नेपाल भ्रमणका लागि शुक्रबार पोखरा आउन लागेका भारतीय राष्ट्रपति प्रणब मुखर्जीको सुरक्षालाई मध्ये नगर गरेर शुक्रबार पोखरामा प्याराग्लाइडिङ उडाउन रोक लगाएको छ । पोखरा नागरिक उड्यान कार्यालय पोखराले नेपाल हवाइ खेलकुद संस्थालाई पत्रपठाएर शुक्रबारका सबै उडान रोक लगाएको हो । भिभिआईपिको उठान हुने भन्दै शुक्रबार प्याराग्लाइडिङ उडान रोक लगाएको पत्रमा उल्लेख छ । पोखरामा अहिले ५३ प्याराग्लाइडिङ कम्पनीले प्याराग्लाइडिङ उठान गर्दै आएका छन् । विजनको वेला भएका कारण प्याराग्लाइडिङ उठान रोकिना व्यवसायमा असर पर्ने व्यवसायीको भनाई छ । मुखर्जी शुक्रबार दिउसो पोखरा विमानस्थलबाट पोखरा ग्राण्ड होटलमा आराम गर्न जाने र केहिबेरको आरामपछि उनी एयरपोर्ट, पृथ्वीचोक हुदै पोखरा १० रामबजार स्थित भारतीय पेन्सन क्याम्पमा आयोजित कार्यक्रममा सहभागी हुने कार्यक्रम तय भएको छ । मुखर्जीको स्वागतमा पोखरामा विभिन्न नौ ठाउँमा स्वागतद्वार निर्माण गरिएको छ । पोखरा विमानस्थलबाट राष्ट्रपति मुखर्जी आराम गर्न जाने विरौटास्थित पोखरा ग्राण्ड होटेलसम्मको बाटोको दुवैतर्फ दुवै देशका झन्डासहित भरिएका पानीका घड्रा राखेर स्वागत गर्ने तयारी रहेको छ । मुखर्जीको सुरक्षार्थ करिब १५ सय सुरक्षाकर्मी खटिने छन् । उनको पहिलो सुरक्षा घेरामा भने भारतीय कमाण्डोनै खटिनेछन् । दोस्रो तहमा नेपाली सेना, त्यसपछि सशस्त्र प्रहरी र नेपाल प्रहरी रहनेछ । पोखरामा रहने समयमा उनको सुरक्षाको कड्रा प्रवन्ध मिलाइएको सुरक्षा अधिकारीहरुले बताएका छन् ।

नगर प्रोफाइल र आवधिक योजना बनाउन सुझाव

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ कार्तिक ।

पोखरा उपमहानगरपालिकालाई नगर प्रोफाइल र आवधिक योजना बनाएर मात्रै विकासका आयोजनामा लगानी गर्न सामाजिक परीक्षक र नगरवासीहरुले सुझाव दिएका छन् । नगर प्रोफाइल र आवधिक योजना विना हचुवाको भरमा विकास आयोजना सञ्चालन गर्दा बजेट मात्रै खर्च भएको र त्यसबाट आसातित उपलब्धि हासिल हुन नसकेको सुझाव पनि सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदनमा दिइएको छ । कार्तिक १८ गते सम्पन्न आव ०७२/०७३ को सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुत तथा छलफल कार्यक्रममा पुरानैशैली र हचुवाको भरमा वार्षिक नीति तथा कार्यक्रम तय हुने गरेको कारण धेरै योजनाहरु कार्यन्वयन हुन नसकेको निश्कर्ष पनि प्रस्तुत गरिएको थियो ।

पोखरा उपमहानगरपालिकाले गत आव ०७२/०७३ मा सञ्चालन गरेको कूल ५९९ योजना मध्ये ८२ प्रतिशत मात्रै कार्य सम्पन्न भएको छ । त्यसैगरी विकास आयोजनाको लागि विनियोजन गरेको कूल बजेट ३८ करोड ५१ लाख मध्ये ६६ प्रतिशत मात्रै खर्च हुन सकेको छ । कार्यक्रममा बोल्दै पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत नवराज ढुंगानाले सामाजिक परीक्षणबाट औल्याइएका कमी कमजोरीहरुलाई तत्काल सुधार्न प्रयास गर्ने प्रतिवद्धता व्यक्त गरे। तरंग प्रालिले गरेको सामाजिक परीक्षणमा विज्ञ शारदा प्रसाद न्यौपानेले प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा नगरपालिकाले सम्पादन गर्दै आएको कामको स्पष्ट अभिलेख राख्न पर्ने, अनुगमनलाई प्रभावकारी बनाउन पर्ने, जनशक्तिको क्षमता अभिवृद्धि एवं वृत्ति विकासमा ध्यान दिनुपर्ने, करार र अस्थायी कर्मचारीको व्यवस्थापन गर्नु पर्ने, योजनाहरुको समयमा सम्झौता र कार्यन्वयनमा ध्यान दिनुपर्ने, पुरानो पेश्की पछ्यौटमा पहल गर्नुपर्ने, उपभोक्ता समितिलाई तालिम दिनुपर्ने, लक्षितवर्ग कार्यक्रमको लागि विनियोजन, कार्यान्वयन, अनुगमन र प्रतिफल वितरणमा सहभागितात्मक पद्धतिको सुनिश्चित गर्नुपर्ने, सूचना केन्द्रको उचित व्यवस्थापन गरि नगरपालिकाबाट सम्पादन भएका कार्यहरुको तथ्याङ्गहरु एकिकृत गरिनु पर्ने लगायतका सुझावहरु दिइएको छ ।

यसैगरी सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदनमा पोखरा उपमहानगरपालिकाका राम्रा पक्षहरु पनि औल्याइएको छ । जसमा २९ वडामा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्र गठन भएको, टोल विकास संस्थाको सूचिकृत तथा नविकरणलाई निरन्तरता दिई टोल विकास संस्था सूचिकृत हुनुको साथै थप ८० वटा टोल विकास संस्थाको गठन भई जम्मा ४४९वटा पुगेको, नियमित रुपमा सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण र सामाजिक परिक्षण जस्ता पारदर्शिताका काम भएको, २९ वटा वडा कार्यालयहरुमा क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था गरिएको, ५ लाखभन्दा बढीका आयोजनामा होर्डिङ बोर्ड अनिवार्य गरिएको, उपभोक्ता समितिले सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको, आयोजनाको आय-व्यय विवरण विभिन्न सञ्चारका माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था गरिएको आदि रहेका छन् ।

त्यसैगरी नगरपालिका क्षेत्रको सार्वजनिक, पर्ती, ऐलानी जग्गा पहिचान गरी नम्बर सहित रेकर्ड राख्ने कार्य भएको, पेश्की बाँकी रहेका १४५ व्यक्ति तथा संघसंस्थाहरुलाई स्पष्टिकरण सहित पत्राचार गरी ५० जनाभन्दा बढीबाट ५ करोड ४४ लाख रुपैयाँ पुरानो पेश्की पछ्युँट गर्न सफल भएको, नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता निर्माण भई लागू भएको साथै कार्यलयमा टर्स गरि सार्वजनिक गरिएको, विपद व्यवस्थापन कोषको स्थापना गरिएको , पोखरा उपमहानगरपालिका भित्र रहेका गैरसरकारी संघसंस्थाहरुको सूचिकृत गरी संस्थाहरुले नगरपालिकामा कार्यक्रम पेश गरी स्वीकृत गराउनुपर्ने व्यवस्था गरिएको, वडा नम्बर १७ मा रहेको ७२ रोपनी सार्वजनिक जग्गालाई नगरपालिकाको स्वामित्वमा ल्याई पार्क बनाउने काम भैरहेको, पोखराको २९ ओटै वडालाई प्लाष्टिक झोला मुक्त वडा घोषणा गरिएको लगायतका विषयमा पोखरा उपमहानगरपालिकाल राम्रो काम गरेको कुरा पनि प्रतिवेदनमा समावेश गरिएको छ ।

कार्यक्रममा सहभागीको तर्फबाट भनाई राख्दै नागरिक समाज पोखराका अध्यक्ष रामबहादुर पौडेलले प्रतिवेदनले औल्याएका कुरालाई ध्यान दिई पोखरा उपमहानगरपालिकाले आगामी नीति र कार्यक्रम तर्जुमा गर्नुपर्ने बताउनुभएको थियो ।

कार्यक्रममा तरङ्ग प्रालिका प्रवन्ध निर्देशक हिमनिधि लौडारी, पत्रकार तथा सामाजिक परीक्षक कमल पौडेल अथक, पोखरा उपमहानगरपालिकका वरिष्ठ अधिकृत ओमराज पौडेल, प्रशासन विभाग प्रमुख अनन्तप्रसाद कोइराला, सहभागीहरु चन्द्रबहादुर गुरुङ, धनञ्जय पौडेल लगायतले पनि आफ्ना भनाई व्यक्त गरेका थिए ।

तरुणदलको महाधिवेशन पोखरामा, तयारी तीव्र

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ कार्तिक ।

नेपाली कांग्रेसको भातृसंस्था नेपाल तरुण दलको चौथो महाधिवेशनको तयारी तीव्र पारिएको छ । यहि २७, २८ र २९ गते पोखरामा हुने महाधिवेशनको लागि आवश्यक सबै तयारी अन्तिम चरणमा पुगेको र तोकिएकै समयमा महाधिवेशन सम्पन्न हुने नेपाल तरुण दलका केन्द्रीय अध्यक्ष उदय शमसेर राणाले जानकारी दिए । विहीवार पोखरामा पत्रकार सम्मेलन गरी महाधिवेशन तयारीको बारेमा जानकारी गराइएको हो । महाधिवेशनको कार्यक्रम अनुसार २७ गते पोखराको चिप्लेडुङ्गामा उद्घाटन समारोह हुने र उद्घाटन नेपाली कांग्रेसका सभापति एवं पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले गर्ने कार्यक्रम छ। यसैगरी पोखरा सभागृहमा २८ गते बन्दसत्र र २९ गते निर्वाचन प्रक्रिया शुरु गरि नेतृत्व चयन गरिनेछ । यसअघि २ पटकसम्म मिति तय गरिएपनि स्थगित हुँदै आएको महाधिवेशन यस पटक भने नरोकिने अध्यक्ष राणाले स्पष्ट पारे । उनले भने-'यसपटक नेपाल तरुणदलको केन्द्रीय समिति र पाटीले बनाएको निर्देशक समितिले नै महाधिवेशनको मिति तोकेकोले अब महाधिवेशन कुनैपनि हालतमा रोकिन्न ।' उनका अनुसार महाधिवेशनमा ७० वढी जिल्लाका करिब १ हजार ३ सय प्रतिनिधिहरु सहभागी हुनेछन् । महाधिवेशनको बन्दसत्रमा युवासंग सम्बन्धित विभिन्न मुद्धामा छलफल हुनेछ ।

महाधिवेशन सम्पन्न गर्न गठित निर्देशक समितिका सदस्य सुरेन्द्र पाण्डेका अनुसार कार्तिक २४ गतेभित्र जिल्ला अधिवेशन सम्पन्न गरेर प्रतिनिधिको नामावली पठाउने जिल्लाहरुलेमात्र महाधिवेशनमा सहभागिता जनाउन पाउनेछन् । पाण्डेले महाधिवेशन स्थगित हुने कुनै सम्भावना नरहेकाले शंका-उपशंका त्यागेर महाधिवेशनमा जुट्न आग्रह गरे ।

पार्टी सभापति शेरबहादुर देउवाको निर्देशन अनुसार महाधिवेशनको तयारी बारे स्थलगत जानकारी लिन पार्टीका केन्द्रीय सदस्य एवं निर्देशक समितिका सदस्य सुरेन्द्र पाण्डे र तरुण दलका अध्यक्ष राणा सहितको टोली पोखरा आएको हो । टोलीले विहीवार नै

बाँकी अनिम पृष्ठमा.....

दलको नेतृत्व लिन दर्जनको दौडधूप

नेपाल तरुणदलको आगामी महाधिवेशनबाट यसपटकको महाधिवेशनमा निर्वाचनमा भाग लिन नपाउने नेतृत्वमा पुग्न झण्डै दर्जन आकांक्षीहरु देखिएका छन् । वर्तमान अध्यक्ष उदय शम्शेर राणले आफू चुनावी प्रतिस्पर्धामा नरहेको बताएपछि अन्य नेतृत्वको कार्यसमितिमा रहेकाहरुले चुनाव लड्न नपाउने अवस्था छ । नेपाल विद्यार्थी संघ र तरुण दलका नेताहरु अध्यक्ष बन्ने दौडमा देखिएका छन् । जसअनुसार हालका केन्द्रीय सदस्यहरु जन्मजय व्यवस्था गर्नेका लागि पहल भइरहेको बताइएको छ । तरुण तिमिल्सिना, टेकराज पौडेल मेदिनी सिटौला र लक्ष्मी दलमा ४५ वर्षको उमेर हद कायम गरिएकाले खतिवडा लगायत चुनावी दौडमा छन् । दलको नेतृत्व कार्यसमितिमा रहेको भन्ने बन्देज हटाउनुपर्ने आवाज उठेको लिन चाहना गरेका अन्य आकांक्षीहरुमा डडेलधुराका हो । यदि पार्टीले उक्त निर्णय कायम राख्ने हो भने पार्टीको कर्णबहादुर मल्ल, पर्वतका विद्वान गुरुङ, लमजुङका संस्थापन पक्षबाट कर्णबहादुर मल्ल, विद्वान गुरुङ र जितजंग यामबहादुर गुरुङ, मोरङ दामोदर कोइराला, सुर्खेतका वस्नेत मध्ये एकलाई नेतृत्वमा लैजाने सम्भावना रहेको निरञ्जन केसी, पूर्वबाट पदम पालुङ्गा, कालिकोटका वताइएको । महाधिवेशनमा कास्कीबाट ललित गुरुङ, शंकर नारायण भट्टराई, तनहुँका पूर्ण गुरुङ छन् । नेपाली दुङ्गना, सुरजजंग राणा र दुर्गा लामिछाने लगायतले केन्द्रीय कांग्रेसले वर्तमान कार्यसमितिमा रहेकाहरुलाई सदस्यमा उम्मेदवारी दिने तयारी गरेको बताइएको ।

प्लाष्टिक झोलाको विकल्प,
कागज कपडाको संकल्प ।
प्लाष्टिक झोलाको सट्टामा
मासु बेचौं बट्टामा ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

साहित्य

मुक्तकहरु

तीर्थराज अधिकारी

कति पर्खनु हालसम्म कसैले जवाफ पठाएनन्
अश्वस्थामले आफ्नो उमेर घटाएकी घटाएनन्
भौंचिएको शिवको धनुष मर्मत होस् की नहोस् बरु
नेपालका शहीदहरू स्वर्गमा अटाएकी अटाएनन् ?

❖❖❖

विशिष्ट कार्यका लागि गरेको त्याग उत्सर्ग हो
सबै भन्छन् परोपकार नै असल पावन मार्ग हो
आफ्नो त खै ! समय र सङ्कल्प खेर गयो
हरपलको जीवन जहाजको धावन मार्ग हो ।

❖❖❖

हर वखतको गुन-गुन बनिदिन्छु
सारङ्गीको सुरिलो धुनु बनिदिन्छु
सिड्गै मन भित्र नअटाए भन प्रिय !
रुप विनाको मजबून बनिदिन्छु ।

❖❖❖

रातमा शितल दिने पनि जून छ
अँध्यारोमा प्रकाश दिने पनि जून छ
दिनमा मात्र देखिने सूर्य त के भो ?
उदाए पनि हुन्छ नउदाए पनि हुन्छ ।

❖❖❖

तपाईले बोलाउनु भयो आएँ
भलाकुसारी गरे मीठो-मीठो खाएँ
घर फर्कदा नराम्रो ठेस लाग्यो मलाई
अनि बल्ल षड्यन्त्र रहेछ भन्ने चाल पाएँ ।

❖❖❖

भने जस्तै पाउँदा मनै दङ्ग भयो
हेर्दै जाँदा बिस्तारै दृश्य बदरङ्ग भयो
सबै प्रक्रिया मात्र रहेछ भने बुझ्नेपछि मात्र
संसारिक वस्तुसँग मोह भङ्ग भयो ।

❖❖❖

राहत बाँडे दुनो थापें अलिकति पातमा लाग्यो
बराबरी बाँड्न खोजे धेरै जसो हातमा लाग्यो
चाट्न थाले केटाकेटी आफू नियालेर हेरी बसें
जाबो पित्को के हुन्थ्यो ! आत्मा होइन दाँतमा लाग्यो ।

❖❖❖

समारोहमा आमन्त्रण आयो समापन भएपछि पुगेछु
प्रमुख अतिथिमा अर्कैको नाम रहेपछि पुगेछु
सपनामा आफ्नै अन्तिम संस्कारमा सामेल हुँदा
सबै मलामी फिर्ता गएपछि पुगेछु ।

आजको पञ्चाङ्ग

मिति २०७३ साल कार्तिक १९ गते शुक्रबार, तदनुसार नोवेम्बर ४ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको पञ्चमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा धनु राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि २६ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १७ मिनेटमा विभिषण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १६ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : मान्यजनबाट सहानुभूति मिल्ने, व्यापारिक कार्य सफल रहनेछ, साहित्य क्षेत्रबाट सफलता मिल्नेछ दिन शुभ छ ।

वृष : दाजुभाई बीच मनमुटाव हुन सक्नेछ, दैनिक उपभोग्य सामग्रीको अभाव, शुरु गरेको कार्यहरु रोकिनेछन् ।

मिथुन : कृषि कार्यबाट लाभ पाइने, मेहनत गरेको धन हात लाग्ने, इष्टमित्रको सहयोगले अधुरा कार्य पुरा हुने ।

कर्कट : आर्थिक लेनदेनमा विवाद हुनेछ, अनावश्यक कार्यमा दिन बित्नेछ, पठनपाठन क्षेत्र अस्वव्यस्थ हुने, दिन खराब छ ।

सिंह : भूमि सम्बन्धी विवाद, महत्वपूर्ण कार्यक्रम स्थगित हुनेछ, सुनचाँदी कारोवारमा मन्दी आउन सक्नेछ ।

कन्या : आफ्नो रोजाइको कार्यमा अरुको विरोध, नेतृत्व कार्य असफल, टाढाको यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

तुला : नयाँ व्यवसाय गर्नतिर मनजान सक्नेछ, पारिवारिक समस्या सुल्झिनेछ, सामाजिक कार्यमा सम्मान मिल्नेछ ।

वृश्चिक : शत्रुबाट मानसिक पीडा थपिनेछ, पारिवारिक झगडाले ठूलै रुप लिनेछ, आफन्तबाट विशेष कार्यमा धोका हुनेछ ।

धनु : मित्रको सहयोगले ठूलो काम सम्पन्न, वैवैशिक रोजगारको अवसर मिल्ने, स्त्रीपक्षबाट सुख प्राप्त हुनेछन् ।

मकर : व्यापार व्यवसायबाट घाटा, स्वास्थ्यमा ऐक्कासी खराबी, अनावश्यक मानसिक चिन्तन र थकाइ बढ्नेछ ।

कुम्भ : रोजगारीबाट आत्मसन्तुष्टि मिल्ने, नयाँ मित्रसंग भेटघाट, मानसम्मानको अवसर प्राप्त हुनेछ, समय शुभ छ ।

मीन : सरकारी सहयोग मिल्ने, नयाँ साथीसँग सम्बन्ध गाँसिने, सामाजिक सक्रियता बढ्नेछ काममा सक्रियता बढ्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

साहित्य/सिर्जना

'सिमानाका रङ्ग सिमानाका तरङ्ग' एक चर्चा



असफल गौतम

साहित्य सिर्जना सबैले गर्छन् त्यसैले कवि, कलाकार र लेखकको जन्मदर वर्षामा च्याउ उम्रे जस्तो वृद्धि भइरहन्छ । वर्षा सकिएर हिउँद पुग्न नपाउँदै मृत्युदरको सङ्ख्या डर लाग्दो भेटिन्छ । धुमधामसँग लोकार्पण गरिएका । ठूला÷ला मिडिया हाउसद्वारा प्रायोजित रूपमा पुस्तकको खोल व्यापार गरिएका । उनका भरौटे सिपाही, नेता र कार्यकर्ताद्वारा कांध हालिएर चर्चा परिचर्चा गरिएका पुस्तक हिउँदमा पानीपुरी, चटपटे र बदाम बेच्नेहरूले व्यापार गरिरहेका हुन्छन् । साम, दाम, दण्ड, भेदको नितीं अपनाउँदै बजारमा पुंजी र हाउगुजीको हल्लाखोर गनेँहरू मुस्किलले एक हिउँद बचे पनि अर्को हिउँदमा उनीहरूको हौवगत उही हुन पुग्छ । यो सबै हुनुको कारण ती मध्येका कमै मात्र असल लेखक बन्न पुग्नु हो ।

काठमाडौंको जितपुर फेदीमा जन्मेका दामोदर पुडासैनी उर्फ किशोर (२०१९) विरलै बच्न सफल हुने मध्येका पृथक पहिचान बोकेका शब्द सिपाही हुन् । यिनै किशोरले यस भन्दा अगाडि आफन्तका अनुहारहरू (२०४९), आँखाको खोजीमा (२०६२), आकारको खोजीमा (२०६३), आलोकित आयाम (२०६३), समयको सही छाप (२०६९), पहाड र प्रेम (२०७१) जस्ता कविता कृति प्रकाशित गरिसकेका छन् । नियात्रातर्फ यात्राका प्रेमिल तरङ्गहरू (२०६५), नमेटिएका चित्रहरू (२०७०) र मायालु हुस्सा (२०७१) पाठकले असाध्यै मन पराएका नियात्रा कृति हुन् । यसो त उनको पछिल्लो समय प्रकाशन भएको दर्शन कृति धर्मको ह्याङओभर (२०७२) पनि नरूचाइएको होइन । मानववादी समाज (सोच) नेपालले प्रकाशमा ल्याएको कृतिमा किशोरले मान्छे प्राकृतिक धर्मभा अघि बढ्नु पर्ने धारणा व्यक्त गरेका छन् । किशोरले धर्मको नाममा हुने शोषण र विभेद नै मान्छेलाई पछि पार्ने मूल कारण बन्न पुगेको भन्दै धर्मका नाममा हुने अनेक कर्मको विरोध गरेका छन् । धर्मको ह्याङओभर पछि किशोरको पछिल्लो समय थपिएको नियात्रा कृति हो सिमानाका रङ्ग सिमानाका तरङ्ग (२०७२) । रत्न पुस्तक भण्डार काठमाडौंले उनको नमेटिएका चित्रहरू (२०७०) नियात्रा कृति नै बजारमा ल्याएको थियो । जुन कृतिले उत्तम शान्ति पुरस्कार प्राप्त गरिसकेको छ । यस लेखमा एउटा पूर्ण शब्दलाई पाउने वित्तिकै बिरालाले मुसा खेलाए झैं खेलाइरहन सफल किशोरको पछिल्लो कृति सिमानाका रङ्ग सिमानाका तरङ्ग एक चर्चा गरिएको छ ।

प्रस्तुत कृतिमा २०६२ असोज १७÷२६ मात्र १० दिनको अवधिमा किशोरले १८ थान नियात्रा लेखेर सकेका छन् । जुन समय देशमा द्वन्द्वले सफलताको शिखर चुम्दै थियो । अरबौं धनजनको क्षती । हजारौं सोझा नेपालीको निधन । हजारौं छोरीचेलीको सिउँदोको सिन्दुर पुछिएको । हजारौं बालबच्चा अभिभावकविहिन । लाखौं व्यक्ति घरबारविहीन भएको अवस्था थियो । आफ्नो जन्मभूमीको यस्तो दर्दनाक अवस्थामा किशोर नुनको सोझो गर्नका लागि हाकिमले खटाएको कार्यक्षेत्रमा इमान्दार सिपाही झैं हिँडिरहेका थिए । त्यही दश दिने हिँडाइमा उनले हल्केलामा ज्यान च्याप्दै, हरियो हुस्सुमा जोगिरको रन्की, नरेँखिएको दाँत, रङ्गीन धुनको तरङ्ग, कोलाजको आवाज, भेटिनु र छुटिनुमा इन्द्रेणीका पदचापहरू, नाङ्गो आकाश नाङ्गो धर्ती, सयुराली देशमा अनुत्तरित प्रश्न, सन्ताटाभित्रका सुस्केराहरू, सुनौला सहरमा मायाका बाछिटाहरू, रगतले चुमेको रगत, अनन्त तरङ्ग अनन्त शुङ्खलाहरू भोकको ज्वालामाथि विहानी आँखा, पन सय र पाँच सय अठ्ठाइसमा अल्झिएका रेखाहरू, गहिराइमा फैलिएका रङ्गहरू, दुसाउँदो ह्वङ्गोसँगै टनटनाएका क्षणहरू, आगोमाथि मुस्कुराइरहेका शीतका थोपा र टीकाको परिधिमा अनन्त यात्रा गरी फरक-फरक शीर्षकका १८ वटा यात्रा निबन्ध लेखेर सङ्गृहित गरेका छन् प्रस्तुत पुस्तकमा ।

पढ्तिकार आफूलाई भाग्यमानी पाठक ठान्छु किनकि किशोरका चारवटै यात्रा निबन्धहरू आधोपान्त पढ्ने अवसर पाएँ । अझै पोखरामै पहिलो पटक उनको यात्राका प्रेमिल तरङ्गहरू माथि कार्यपत्र प्रस्तुत गर्ने अवसर मिल्यो । यावद सन्दर्भले गौरवका साथ भन्न सक्छु, किशोरको लेखन आम पाठकलाई विगतमा जसरी जीवन एउटा रङ्गमञ्च भएको अनुभूत गराउन सफल भएको थियो, यो पटक पनि सफल भएको छ । उनको प्रस्तुत कृति श्रीलङ्का, थाइल्याण्ड, म्यान्मा र बङ्गलादेश भ्रमणको क्रममा लेखेको कृति हो । जहाँ किशोरले दक्षिण र दक्षिण पूर्वी एशियाली राष्ट्रको धर्म÷संस्कार, संस्कृति, रहनरहन, चालचलन, भेषभुषा र भूवनोटलाई तत्तस्थानमै रहेर दृश्यावलोकन गरे जस्तो गरेर शब्द विन्यास गरेका छन् । सोही कारण प्राध्यापक डा. गोविन्दराज भट्टराईले यात्राका प्रेमिल तरङ्गहरूमा झैं १६ पृष्ठ खर्चेका छन् । प्रस्तुत कृति लेखनका साँची विगतमा झैं यस पटक पनि जनार्दन र उद्धव बनेर आएका छन् । यी दुई पात्र किशोरको यात्रा निबन्धका तीन पुस्ते साथी हुन भन्दा फरक पर्दैन । विमान चढेपछिका यात्रुको परिचय र सहयात्रीको कुराकानी जति रोचक र रमाइलो बनेको थियो तर कोलम्बो पुग्दा त्यो रमाइलो हराइसकेको छ ।

किशोर आफ्नै देशमा चलेको डरलाग्दो आतङ्कवाट प्रताडित बनेका व्यक्ति हुन् । जहाँ पुगे, त्यहाँ पनि सोही अनुभूति सङ्गाल्न पुगेका किशोर बनै पिंडालु घरै पिंडालु बनेका छन् । रातमा कोलम्बो पुगेका किशोर विहान पाँच बज्न नपाउँदै मृत्युको मुखमा कुन बेला परिन्छ भन्ने चिन्ता र हुण्डरीमा परिसकेका छन् । किशोर ब्यापक ब्युटीप्रति सम्मान गर्दै अगाडि बढेका छन् । जहाँ उनीहरू आ.आफ्नो पेसाप्रति प्रतिवद्ध भएको देखाइएको छ । विना मेहेनत श्रीलङ्कन अरुको दुई पैसा लिन चाहदैन् भन्ने सन्दर्भ दुस्सी वाको दुस्सी नाचवाट आएका छन् । जहाँ आफ्नो विश्वास र भरोसा हुन्छ त्यसमा हामी सबै आस्थावान् हुनुपर्छ भन्ने कुरा भ्रमणका क्रममा देखेका बौद्ध धर्मावलम्बीको व्यवहार र उनीहरूको आस्थावाट किशोर प्रभावित भएका छन् । किशोर जहाँ रहे तापनि नेपाल र नेपालीलाई माया गर्ने स्रष्टा साधक हुन् । यो मात्रै होइन उनी अश्लिलता भित्र सालिनता खोज्ने लेखक हुन् त्यसैले नाङ्गरी नाङ्गाको जिन्दगीको उमङ्ग र रङ्गलाई नजिकैवाट स्पर्श गरेर पनि उनले आफूलाई शालिन ढङ्गमा प्रस्तुत गरेका मात्रै छैनन् आफूलाई एक पतिव्रता पतिका रूपमा चिनाएका छन् । उनी आफ्नी पारूलाई पहिराएका हरेक पहिरन रूचि जस्तैकै महत्वपूर्ण ठान्छन् र आदर्श जीवन यापनको एउटा पाठ पढाउन सफल हुन्छन् । प्रस्तुत कृतिको आधोपान्त अध्ययन गरिसक्दा लेख्ने कुराहरू धेरै भेटिन्छन् । भेटिएका सबै कुरा सानो पाठकीय टिप्पणीमा लेख्ने सामर्थ्य चाहेर पनि कसैले गर्न सक्दैन । किनकी, विना प्रतिफल समय खर्च हुन्छ । श्रम खर्च हुन्छ । त्यो मात्रै होइन लामो लेखियो भने प्रकाशक पाइदैन । वडो मुस्किलले प्रकाशक पाइयो, पाठक पाइदैन । यसर्थ समग्रमा प्रस्तुत कृतिमा किशोरले आफूलाई सफल लेखकका रूपमा प्रस्तुत गरेका छन् । प्रस्तुत कृति पढ्ने पर्ने मध्येको एक हो । सोही कारण के भन्न मन सकिन्छ भने, किशोर आफै आफ्नो लेखनले बाँच्ने सामर्थ्य भएका साधक हुन् । महान् दार्शनिक चाणक्यले पनि भनेका छन्,

स्वयं कर्म करोत्यात्मा स्वयं तत्फलम्श्नुते ।
स्वयं भ्रमति संसारे स्वयं तस्माद्विमुच्यते ॥

प्राणीको आत्मा वा जीवले स्वयं कर्म गर्छ र त्यसको शुभ अशुभ फल पनि आफैं भोग्दछ, आफैं संसारमा घुम्दछ र त्यसबाट मुक्त पनि आफैं हुन्छ । यसर्थ पछिल्लो समय उनी एउटा नथ्थी लगाउने लालसामा छन् । उनलाई त्यो लालसा हुनु स्वभाविक हो तापनि उनको लेखनले उनलाई धेरै आदर्श र सफल लेखकका रूपमा नथ्थी लगाई दिइसकेका छन् । लेखन एउटा कला हो, तर त्यो कला सबैमा समान हुँदैन । किशोर यस्ता अद्भुत कलाले भरिएका पात्र हुन् । किशोरको पहिलो नियात्रा कृतिदेखि अहिले चौथो कृतिसम्म आइपुग्दा उनका नियात्रा उही आकार र संरचना झण्डै तीन सय पृष्ठको हाराहारीमा संरचित छन् । जसबाट सहजै भन्न सकिन्छ, किशोरले एक मिनेट समय र एउटा पूर्ण वाक्य भेटे एउटा वेजोड आलेख तयार गर्न सक्छन् । जुन तथ्यलाई उनले स-प्रमाणसहित पेश गरेका छन् प्रस्तुत कृतिका माध्यमवाट । आयामका हिसाबले उनका यात्रा निवन्ध न्युनतम् छ पृष्ठदेखि अधिकतम १६ पृष्ठमा संरचित छन् । कृतिमा प्रयोग भएको भाषाशैली सरल, सरस र सहज छ ।

कवितात्मक वान्की लेखनमा भेटिनुले पाठकलाई थप स्वादिष्ट बनाएको पाइन्छ ।

शब्द सिपाहीहरू शब्दलाई नै हतियार बनाएर बाँच्नमा रमाउछन् । यिनै शब्दका सारथि बरिष्ठ साहित्यकार किशोर लेखक हुनु मात्रै होइन । असल मान्छे हुनको पहिचान बोकेका लेखक हुन् । उनी एउटा खुल्ला विश्वविद्यालयमा पुग्ने हरेक कर्मचारी, प्राध्यापक र विद्यार्थीले त्यो विश्वविद्यालयबाट पर्याप्त ज्ञान आर्जन गर्न सक्छन् । मान्छे हुनको अर्थ बुझ्न । जीवन जीउनको सार पत्ता लगाउन । क्षण-क्षण समयको मूल्य चिनाउनका लागि किशार एउटा खुल्ला विश्वविद्यालय हुन् । एउटा विश्वविद्यालयले गर्न नसक्ने काम गरेर आफैलाई विश्वविद्यालयका रूपमा स्थापित गर्न सक्ने किशोर सदा यसरी नै किशोर बनि रहुन् यही शुभकामना ।

विधा: नियात्रा
प्रकाशक: रत्न पुस्तक भण्डार
पृष्ठ: ३६+२००=२३६
मूल्य: ३५०।-

लोकमान प्रकरण र संविधान संशोधनको प्रश्न

रामसुकुल मण्डल

अनुकूल भए राष्ट्रवादी प्रतिकूल भए भारतवादी मानसिकता नेपालमा सहजै औल्याउन सकिन्छ । अहिले आएर अस्तित्वार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख लोकमानसिंह काकीलाई भारतले बनाएको कुन चाहीले भनिँदैदा सत्यायडी डा. गोविन्द केसीले भनिँए "काकीलाई इन्डियै लै जा ।" जब काकीलाई भारतले बनाएको भनि दिएपछि अब त नेपालीहरूले चलाएको राजनीतिक दलका नेताहरूलाई राष्ट्रवादी बन्नु पर्ने आवश्यकता आइपरेको छ ।

यसर्थि मधेशकेन्द्रित राजनीतिक दलले गरेको नाकावन्दीवाट राजधानीमा दैनिक उपभोग्य सामानको आपूर्तिमा ढिलाइ हुँदा र सहज आपूर्ति सुनिश्चित गराउन नसक्दा पूर्ववर्ती सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले आफूमाथि थपिनलागेको अकर्मण्यताको भार विसाउन भनिँए, यो नाकावन्दी मात्रै होइन, मधेशी नेताहरूलाई भारतले उचालेको हो । अनि आन्दोलनको अगुवाइ गर्ने मधेशी दलका नेताहरूले धोती कुर्ता फेरेर दौरा सुरूवाल लगाएर आन्दोलन गरेको भए त त्यतिको विधि गाह्रो हुँदैन थियो । उनीहरूले सीमा अवरोधको कार्यक्रमलाई आफै शिथिल बनाउँदै विस्तारै तुहाइदिए । अनि अहिले त्यो आन्दोलन ३ बुंदे सम्झौताको आवरणमा प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नो मेचको मुल्तवी घर्गामा थन्काएर राखेका छन् ।

मुल्तवी घर्गामा राखिएको त्यो फाइल आज निकाल्छु भोलि निकाल्छु भन्दा भन्दै भारत भ्रमण सकाए, दशैं बिताएर अब छठपर्छि संसदमा लाने अपत्यारिलो वाचा गरेको केही दिन नबित्दै प्रधानमन्त्री पार्टीका बेलगाम सांसदहरूले प्रतिपक्ष दल एमालेका सांसदहरूसँग मिलेर छापामार शैलीमा संसदमा अस्तित्वार प्रमुख काकीं विरूद्ध महाअभियोगको प्रस्ताव दर्ता गराए । तर उनीहरूले सरकार बनाउन सघाउने संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासहितको संघीय गठवन्धनका कुनै नेतासँग कुनै छलफलसम्म गरिएन ।

महाअभियोगका प्रस्तावकले भनिहाले अरूसँग छलफल गरेको भए प्रस्ताव दर्ता हुने थिएन । यस्तो कमजोर धरातलमा सांसदहरूले महाअभियोगको प्रस्ताव जस्तो विषयमा छापामार शैली अपनाए तर संविधान कार्यान्वयनका लागि आवश्यक मानिएको संशोधन विधेयक ल्याउन ती दलका सांसदहरूको त्यो तदारूकता देख्दा फोरि एकपटक पस्ट भयों । "उनीहरूले मधेशीहरूलाई नेपाली बुझकै रहेनछन् र संविधान कार्यान्वयनका लागि कुनै समस्या छैदै छैन । जसरी यो संविधानलाई नचाए नचाउने आफूहरूकै हातमा उनीहरूको चुभाइ छ ।"

महाअभियोग लगाउन पाउनु संसदको अभ्यास भित्र पर्ने प्रक्रिया हो र सांसदहरूको अधिकारको विषय पनि हो । उनीहरूले त्यसो गर्न पाउनुपछ्र र पाउँछन् । यसमा विवाद भएन । तर महाअभियोगको प्रस्ताव छापामार शैलीमा ल्याउने विषय हो वा होइन लोकतन्त्रमा यो विषय महत्वपूर्ण हो । छापामार शैलीमा ल्याएको प्रस्तावमा नेपाली कांग्रेस लुखुर लुखुर हिँडेर समर्थन गर्ने तर छलफल र वहस चलाएर यो प्रस्तावमा समर्थन गर्न कांग्रेस लचिलो नहुने भने विषय आफैमा गम्भीर छ । दुवै अवस्थामा कांग्रेसले प्रस्तावको पक्षमा मतदान नगरे त्यो तुहिने पक्कापक्की भएको अवस्थामा कांग्रेस समेतलाई नसोधी महाअभियोगको प्रस्ताव ल्याइएको छ । हुनत यो प्रक्रियामा संसदमा रहेका दलहरूसँग छलफल गर्नुपर्ने थियो । त्यस्तो देखिएको छैन । चार राजनीतिक दलले महाअभियोग सिफारिश समिति संसदमा बनाएका छन् । त्यसमा कांग्रेसलाई ४, एमालेलाई ४, माओवादीलाई २ र राप्रपा नेपाललाई १ सांसद कोटा बाँडिर ११ सदस्यीय बनाइएको छ ।

तर, यो समिति निलम्बित अस्तियार प्रमुख काकी मात्रका विरूद्धमा लगाइएको महाअभियोगको सन्दर्भमा बनेको होइन । यो संसद रहेसम्म अन्य कुनै पनि संवैधानिक निकायका प्रमुखहरूको हकमा पनि हुने होला । यदि त्यसो हो भने अहिलेको संसदमा सहभागी राजनीतिक दलहरूको यो वा त्यो रूपमा प्रतिनिधित्व हुनेगरी यो समिति बनाइनुपर्ने थियो । त्यसो गरिएको पाइएको छैन । मधेशी मोर्चामात्रै होइन संघीय गठवन्धनमा सहभागी दललाई पनि सोधखोज गरिएको छैन । यो भन्दा बढी विभेदको उदाहरण अन्य के नै हुन्छ ।

महाअभियोगका प्रस्तावक समर्थकहरूले संघीय गठवन्धनका दललाई सोधखोज नगरिनु, विभेदकारी मानसिकता होइन र ? मधेशी दलका नेताहरूले यसो सोच्छन् भने जाजय सोच्दैनन् र ? महाअभियोगको प्रस्ताव दर्ता भएपता भएपता नेपाली कांग्रेसका केही नेताहरूको अभिव्यक्ति स्वाभाविक देखिन्छ । उनीहरूले सोध्न थालेका छन् कसले बनायो काकीलाई ? प्रमुख तीन दलले होइन र ? तत्कालीन खिलराज रेग्मी नेतृत्वको सरकार तीन दलका नेताहरूले बनाएका थिएनन र ? काकीका विरूद्ध त्यतिखेर उठेका आवाज गलत र आजका दिनमा सही किन भए ती दलका नेताहरूका लागि यो प्रश्नको जवाफ खोज्ने अभिव्यक्तिहरू सान्दर्भिक छन् ।

यी सन्दर्भहरूको जानकारी जनताले लिनुपर्छ । यसवारे प्रस्ट नभएम आफूहरू मौन वस्ने नीति अपनाएका मधेशकेन्द्रित राजनीतिक दलले ठीक गरेको छ । तर त्यतिले पुग्दैन । निलम्बित काकीको खारेजी भयो वा काकीले राजीनामा दिएको अवस्थामा अब उनीहरूले अस्तियार प्रमुख बनाउन मधेशी खोज्नुपर्नेमा जोड दिनुपर्छ । तीन राजनीतिक दलले आफ्ना पक्षका अस्तियार प्रमुख खोजे त्यसको कुनै अर्थ हुनेछैन ।

यदि त्यसो हुन नसकेको खण्डमा महाअभियोगवाट काकीलाई हटाउन खोजिएको सबै विषयहरूबाट आफ्ना जनतालाई जानकारी दिलाउनु राज्यको दायित्व हो । त्यसमा पनि मधेशी जनतालाई यो प्रकरणका बारेमा जानकारी दिनुपर्छ । यस्ता संवैधानिक पदहरूको प्रमुखमा मधेशी समूहको सुनिश्चितताका लागि विधि तयार गर्नुपर्ने समानुपातिक समावेशी राज्यको दायित्व हो भने त्यसलाई सुनिश्चित पार्नु समावेशी समूहको वकालत गर्ने राजनीतिक दलको कर्तव्य हो ।

साथै काकीको महाअभियोगको प्रसँगलाई कुनै पक्ष वा समूहको हित प्रवर्द्धन गर्न नभइ, देश र जनताको हितमा प्रयोग गर्नु आजको आवश्यकता सबैले बोध गर्नु आवश्यक हो । आफ् अनुकूल हुँदा राष्ट्रवादी र प्रतिकूल हुँदा भारतवादी मानसिकताबाट मुक्त हुनु पर्नि त्यतिकै जरूरी रहेको छ । संविधानको कार्यान्वयन सहज भएपछि आर्थिक विकासको वाटोमा भारतसँगको सहकार्य त्यतिकै आवश्यक हुन्छ । यो यर्थाथलाई बोध पनि यही सन्दर्भमा बुझ्नु उपयुक्त हुनेछ । जुन देश र जनताको हितमा हुनेछ । कुनै समूह र पक्षको निम्ति होइन । त्यसमा पनि अधिकार विपन्न समुदायहरूले प्राथमिकता प्राप्त गर्नुपर्ने हुन्छ । यो नै समानुपातिक समावेशी संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको साधकता ठहर्नेछ ।

(मधेश दर्पण फिचर सेवा)

पेन्सन वितरण केन्द्रले कानून नमानेको गुनासो

गोल्डेन न्युज संवाददाता
पोखरा १८ कार्तिक ।

भारतीय भूतपूर्व गोर्खा सैनिकहरुले पेन्सन वितरण केन्द्र पोखरालले भारतको कानून नमान्दा आफूहरुले अनेकन दुःख पाउने गरेको बताएका छन् । एक्स सर्भिसम्यान सेल, पोखरालें बुधबार पोखरामा पत्रकार सम्मेलन गरि भारतीय सैनिकको मृत्यु भएपछि उसको श्रीमतीले पेन्सन पाउनका लागि अनेकन समस्या भोल्नु परेको जानकारी दिइयो । श्रीमान भइञ्जेल श्रीमानले पेन्सन पट्टा बुझिरहेपनि श्रीमानको मृत्युपछि विवाह दर्ता, विवाह अधिको डकुमेन्ट, जग्गाको लालपूर्जा लगायत विभिन्न डेढ दर्जन कागजात खोजेर भूपू सैनिकका विधवा श्रीमतीले समस्या भोग्नुपरेको सेलका संयोजक कर्णेल कमानसिंह गुरुङले बताए ।

त्यस्तै, दुई वटा नाम भएका सैनिक, जात परिवर्तन गरी सेनामा भर्ती भएका, पहिलेको श्रीमतीको मृत्युपछि दोश्रो विवाह गरेका सैनिकको श्रीमती, इस्त्री सम्बत र विक्रम सम्वतको फरकका कारणलगायतले पनि समस्या भोगिरहेको उनको दावी छ । कर्णेल गुरुङले ती समस्या समाधान गर्नलाई पेन्सन वितरण केन्द्र पोखराका कर्मचारीले कागजात मिलाउन नसक्ने भन्दै भारतबाटै अफिसरसहितको टिम मगाएर समस्या समाधान गर्नुपर्ने बताए । उनले भारतका पेन्सनरको मृत्यु हुने बित्तिकै मृत्यु दर्ताको प्रमाणपत्रले विधवाले पेन्सन पाउने भए पनि नेपालीलाई भारत सरकारको कानुनविपरित पेन्सन वितरण केन्द्र पोखरा अफिसका कर्मचारीले अनेकन कागज खोज्नु गलत भएको सुनाए । विगतमा बाहुन, दलित लगायतलाई सैनिकमा भर्ती हुन नदिइने भएका कारण उनीहरुले जात फेरेर कसैले गुरुङ त कसैले मगर लेखेर जारिर खाएको तर नेपाली नागरिकता भने आफ्नै जातमा हुँदा अहिले नागरिकता नभई पेन्सन पट्टा नदिदा उनीहरुले पेन्सन बुझ्न नपाएको पनि कर्णेल गुरुको भनाई छ । यस्तो समस्या भोग्ने करिब ४० प्रतिशत सैनिकका परिवार रहेको उनले दावी गरे । नेपालमा कुल १ लाख २६ हजार भारतीय भूपू सैनिक छन् भने पोखरामा मात्र ६३ हजार सैनिक रहेको बताइएका ।

कर्णेल गुरुङले यि समस्या सुनाउ पटकपटक प्रयास गरे पनि पहुँच नहुँदा गुनासो राख्ने ठाउँ नपाएर भारतीय राष्ट्रपति पोखरा आएको सन्दर्भ पारि पत्रकार सम्मेलनमार्फत आफ्ना गुनासा र दुखहरु सार्वजनिक गर्नुपरेको बताए । आफूहरुको विरोध भारत सरकार, भारतीय राष्ट्रपतिविरुद्ध लक्षित नरहेको स्पष्ट पारे । उनले भने,-हामीले भारत सरकार र वा भारतीय राष्ट्रपति विरुद्ध लक्षित गरेर आवाज उठाएका हैनौं, वरु यहिको भारतीय दुतावास र पेन्सन क्याम्पका कर्मचारीको ढिलासुस्ती र लापर्वाहीले गर्दा समस्या भएकाले सुधारका लागि दबाव दिएका हौं ।' उनले यसअघि भारतीय सैनिकका उच्च अधिकृत, भारतीय दुतावास लगायतमा ध्यानाकर्षण गराउँदा पनि समस्या नसुल्झिएकाले भारतीय राष्ट्रपति पोखरा आएको बेला आम संचारमार्फत आफ्ना पीडाहरु बाहिर ल्याएको बताए । भारतीय राष्ट्रपति प्रणव मुखर्जी ३ दिने नेपाल भ्रमणको क्रममा कार्तिक १९ गते शुक्रवार पोखरा आउने कार्यक्रम छ । सो अवसरमा एक्स सर्भिसम्यान सेल, पोखरालें समस्या समाधानका लागि आग्रह गर्दै आपन पत्र बुझाउने तयारी गरेको छ । त्यसका लागि दुतावास र पेन्सन क्याम्पलाई समय मिलाई दिन आग्रह गरिसकेको छ । तर दुतावास र पेन्सन क्याम्पले जवाफ दिइनसकेको सेलका सचिव ओनरेरी क्याप्टेन पदमबहादुर गुरुङले बताए ।

'लेखनाथ र पोखरा समायोजन आवश्यक'

गोल्डेन न्युज संवाददाता
पोखरा १८ कार्तिक ।

लेखनाथ र पोखरा समायोजनमा दलहरु बिच छलफल समझदारी आवश्यक रहेको स्थानिय स्तरमा चर्चा चलेको छ । कास्कीमा स्थानीय तह पुनर्संरचना गर्दा पोखरा र लेखनाथलाई गाभ्नुपर्ने प्रस्ताव पनि आएको छ पहिला बढीमा ५ वटा तह बनाउने गरी निर्देशन आएकोमा परिमार्जित निर्देशिकामा कास्कीमा बढीमा ६ तह बनाउन सकिने उल्लेख छ ।

प्रदेश नम्बर ४ को प्रस्तावित र निर्विकल्प राजधानी पोखरालाई लेखनाथसम्म विस्तार गरेमा विकास निर्माणले पनि गतिशीलता पाउने जिल्ला तहका नेताको भनाइ भनाइ छ तर पनि स्थानीयस्तरमा भने सहमति जुट्न सकेको छैन ।

लेखनाथको अस्तित्व मेटाउने गरी पोखरा-लेखनाथ गाभ्न नहुने स्थानीयस्तरमा सर्वसाधारणको भनाइ छ । केही दिन अघि पुनरसंरचना आयोगले गरेको सर्वदलीय छलफलमा थोरै र प्रभावकारी तह बनाउनुपर्नेमा धेरैले जोड दिएका थिए । पोखरामा बस्ती विकास धेरै नै भइसकेकाले ठूला पूर्वाधारको लागि लेखनाथ उपयुक्त रहेको छ । लेखनाथमा अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्र, बस टर्मिनल लगायत पूर्वाधार बन्ने क्रममा छन् । नेपाली कांग्रेस लेखनाथ नगर समितिको बैठकले राज्य पुनसंरचनामा लेखनाथ नगरपालिका र पोखरा उपमहानगरपालिकालाइ समायोजन गरी महानगरपालिका जानेतर्फ जोड दिएको छ । त्यस्तै बैठकले लेखनाथ नगरपालिकामा आधुनिक सुविधा सम्पन्न भवन र जग्गा लगायत आवश्यक पूर्वाधार भएको हुँदा महानगरपालिका पश्चात महानगरपालिकाको कार्यालय लेखनाथमै राख्न सम्बन्धित कार्यालय दलका नेताहरु, समाजसेवी एवम् बुद्धिजीविहरु सबैसँग छलफल गरी अगाडि बढ्न पहल गर्ने निर्णय गरेको छ ।

६ वटा बनाउनु पर्ने पोखरा र लेखनाथलाई गाभ्नुपर्ने प्रस्ताव आएको र जिल्ला तहबाट अन्तिम प्रतिवेदनको लागि आयोगले २० गतेसम्मको समय दिएको छ । जात जातका नाममा क्षेत्रका नाममा झण्डै विविधतालाई फुटाएर हुँदैनाजातको पहिचान, भूगोलको पहिचानका नाममा अनेक कुनै प्रकारको दबाव दिएर लेखनाथलाई प्रयोगको थलाको रुपमा बनाउन नहुने र त्यसका लागि दलहरुबीच छलफल र उच्चस्तरको समझदारी हुन जरुरी रहेको सर्वसाधारणको भनाइ रहेको छ ।

जेसिजद्वारा मिर्गौला रोग पीडितलाई सहयोग

पर्वत १८ कार्तिक ।

मिर्गौलाको रोगबाट पीडित एक युवतीलाई पर्वत जेसिजले आर्थिक सहयोग उपलब्ध गराएको छ । जिल्लाको कुश्मा नगरपालिका४ की २० वर्षीया युवती सडुगीता वास्तोलालाई पर्वत जेसिजले नगद रु ३५ हजार सहयोग गरेको हो । चितवन मेडिकल कलेजमा फार्मेसी अध्ययनरत युवती वास्तोला २०७२ साउनदेखि मिर्गौलाको रोगबाट ग्रसित बनेकी हुन् । आर्थिकरूपमा निम्नवर्गीय परिवारमा जन्मेकी वास्तोलाको उपचारमा सहयोग मिलोस् भन्ने उद्देश्यले जेसिजका पदाधिकारीले आफैं रकम सङ्कलन गरेर सहयोग गरेका हुन् । जेसिजको वर्तमान कार्यसमितिमा रहेका पदाधिकारी तथा सदस्य, पूर्वअध्यक्षहरू लेखनाथ शर्मा र बद्रीनारायण शर्माबाट सङ्कलन गरिएको रकम पीडितका बाबु टङ्कनाथ शर्माले नै आफ्नो मिर्गौला दिने तयारी पनि भएको छ । पेसाले शिक्षक शर्माले छोरीलाई बचाउनका लागि आफैं मिर्गौला दिने सोच बनाएका छन् रकम हस्तान्तरण कार्यक्रममा जेसिजका अध्यक्ष राजनकुमार जोशीले पीडित युवतीका बाबु टङ्कनाथलाई रकम हस्तान्तरण गरेका थिए । अध्यक्ष जोशीको अध्यक्षतामा सम्पन्न कार्यक्रममको संयोजन मुना शर्मा लामिछानेले गरेका थिए । कार्यक्रममा जेसिजका तालिम प्रतिष्ठानका संयोजक लेखनाथ शर्मा, क्लबका अध्यक्ष ठाकुर बी पौडेल लगायतले बोलेका थिए ।

सांग्रिला बैंकको वार्षिकोत्सव

गोल्डेन न्युज संवाददाता
पोखरा १८ कार्तिक ।

सांग्रिला डेभलपमेण्ट बैंक लिमिटेड बाह्रौं वर्ष पुरा गरि १३औं वर्षमा प्रवेश गरेको छ । बैंकले वार्षिकोत्सवको अवसरमा समाज प्रतिको उत्तरदायित्वलाई निर्वाह गर्ने कार्यलाई निरन्तरता दिन रक्तदान-जिवनदान भन्ने भावार्थलाई मनन गरी रक्तदान कार्यक्रमको आयोजना गरेको जनाएको छ ।

केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौं, क्षेत्रीय कार्यालय नेपालगंज र क्षेत्रीय कार्यालय पोखरा परिसरमा आयोजित रक्तदान कार्यक्रममा काठमाडौंमा ३५ प्वाइन्ट, नेपालगंजमा ५५ प्वाइन्ट र पोखरामा १०७ प्वाइन्ट गरी जम्मा १९७ प्वाइन्ट रगत संकलन भएको बैंकका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद पौडेलले बताए । संकलित रगत स्थानिय रक्तसंचार केन्द्रलाई हस्तान्तरण गरिएको छ ।

बैंकले ३१ वटा शाखा, ६ वटा माइक्रोफाइनान्स इकाइ, १२ वटा ए.टी.एम. तथा ५ शाखाबाट लकर सुविधा लगायत अत्याधुनिक बैंकिङ्ग सेवा प्रदान गर्दै आइरहेको छ । बैंकले आगामी वर्षहरुमा अझ सशक्त रुपमा ग्राहक सेवामा समर्पित हुन प्रतिबद्ध रहेको बैंकका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र प्रसाद पौडेलले बताए ।

कान्छा बराह युवा क्लव प्रथम

पोखरा १८ कार्तिक ।

कास्कीको पर्यटकीय गाउ तोल्कामा सम्पन्न बृहत खेलकुद कार्यक्रम अन्तर्गत भलिवल प्रतियोगितामा कान्छा बराह युवा क्लव सावेत मौजा प्रथम हुन सफल भएको छ । देउराली युवा क्लवले आफ्नो १३औं वार्षिकोत्सव तथा दिपावलीको अवसरमा आयोजना गरेको बृहत खेलकुद कार्यक्रम अन्तर्गत भलिवल प्रतियोगितामा प्रथम स्थान सगै कान्छा बराह युवा क्लवले ३५ हजार नगद, शिल्ड र प्रमाणपत्र हात पार्न सफल भएको छ । प्रतियोगितामा द हिमन क्लव नर्यापुलले दोश्रो स्थान सगै २३ हजार नगद, शिल्ड, प्रमाणपत्र हात पार्‍यो, सोल्टी क्लव हुड्रा प्रतियोगितामा तेश्रो स्थान सगै नगद ११ हजार, शिल्ड र प्रमाणपत्र हात पार्‍यो । प्रतियोगितामा बेष्ट प्लेयर सावेत मौजाका मनोज गुरुङ घोषित भए । हुड्राका रविन ठकुरी बेष्ट क्लवर र बेष्ट स्पाइकर सावेत मौजाका विश्वास विकले उपाधि सगै नगद, मेडल र प्रमाणपत्र पाएका छन् । त्यस्तै भेट्टान्स तर्फको भलिवलमा लान्द्रुक ए प्रथम हुन सफल भयो भने तोल्का वीले दोश्रो स्थान हात पार्न सफल भयो । बृहत खेलकुद कार्यक्रम अन्तर्गत रसी तान्नेमा तोल्का प्रथम भयो भने सावेत मौजाले दोश्रो स्थान प्राप्त गर्न सफल भएको छ ।

देउसीभैलोबाट ५ लाख संकलन

गोल्डेन न्युज संवाददाता
पोखरा १८ कार्तिक ।

पोखराको सहारा क्लवद्वारा संचालित सहारा एकेडेमीको सहयोगार्थ यस वर्ष खेलिएको देउसी भैलो कार्यक्रमबाट करिब ५ लाख रुपैया संकलन भएको छ । नेपालीहरुको दोश्रो ठूलो चाड तिहार पर्वको अवसरमा नेपाली संस्कृतिको संरक्षण गर्दै सहारा एकेडेमीको सहयोगार्थ खेलिएको देउसी भैलो कार्यक्रमबाट सहारा एकेडेमीको सहयोगार्थ ४ लाख ९२ हजार ४ सय ९९ रुपैया संकलन भएको क्लवका अध्यक्ष विरभद्र आचार्यले बताए ।

कार्तिक १३ देखि १७ गतेसम्म पोखराका विभिन्न स्थानहरुमा खेलिएको देउसी भैलो कार्यक्रमबाट एकेडेमी संचालनको लागि संकलन भएको रकमले धेरै सहयोग हुने क्लवका अध्यक्ष आचार्यले बताए । उनले भने-"क्लवको स्थापना देखि हरेक वर्ष हामीले तिहारमा देउसी भैलो कार्यक्रम गर्दै आएका छौं, एकेडेमी संचालनको मुल आयश्रोत आहारारा गोल्ड कप हो भने दोश्रो दिशो आयश्रोतको रुपमा हामीले देउसी भैलोलाइ लिएका छौं।" क्लवको हरेक गतिविधिमा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नु हुने प्रति अध्यक्ष आचार्यले धन्यवाद तथा आभार व्यक्त गरेका छन् । क्लवका सदस्य कलाकार, एकेडेमीका बालक सहित क्लवका पदाधिकारीहरु कार्यक्रममा सहभागि भएको वरिष्ठ उपाध्यक्ष केशव बहादुर थापाले बताए । क्लवद्वारा निर्मित सुविधा सम्पन्न आवास गृह सहारा एकेडेमी दोविल्ला पोखरा-१७ मा हाल १६ जिल्लाका २८ जना बालकहरु रहेको महासचिव केशवराज बरालले बताए आहारारा गोल्ड कप, देउसी भैलो कार्यक्रम र विभिन्न दाताहरुले दिएको सहयोगबाटै क्लवले उनीहरुको निःशुल्क शिक्षा दीक्षा,स्वास्थ्य,फुटबल पशिक्षण लगायत भरणपोषण गर्दै आएको बरालले जनाए ।

माथिल्लो मादी जलविद्युत चाँडै

पोखरा १८ कार्तिक ।

कास्कीको सिल्दुजुरे गाविस-९ बाहुन डाँडामा निर्माणाधीन माथिल्लो मादी जलविद्युत् आयोजनाले कार्तिकको अन्तिमतिर परीक्षण उत्पादन गर्ने भएको छ । मादी खोलाबाट निकालिने २५ मेगावाट क्षमताको सो आयोजना निर्माणको ९९ प्रतिशत काम सकिएकाले परीक्षण उत्पादनको तयारीमा लागेको आयोजनाका संयोजक राजकुमार बरालले जानकारी दिए । विद्युत गृहबाट उत्पादन भएको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्ने तथा लेखनाथमा निर्माण गरिएको सव-स्टेसनमा जोडिएका उपकरणको समेत परीक्षण गरिने उनले बताए । परीक्षण उत्पादनपछि एक महिनासम्ममा ममर्त गर्ने र माईसर लगायतमा व्यावसायिक रुपमा विद्युत उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ। आयोजनाको चार हजार २०० मिटर सुरुङ भित्रको भागमा कङ्क्रिट लाइनिङ गर्ने काम पनि सकिएको छ । आयोजनाको लागत करिब पाँच अर्ब २८ करोड रुपैयां रहेको छ।

खुशीको खबर !

के तपाईलाई लागोभागो भई छेवभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गड्डी पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, बाथ, शुक्री, बाँझोपन हटाउने, प्याष्टिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिसम्म आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरचाघोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६९२५४५५

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिनामारी नडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुखने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चाया पोतो, इण्डिफोर, दाग धब्बा, मस्याँ, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल चनाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिसास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३९८६७, ०६-१२२५४५८, मो. ९८४६९३७४१७

ठिक होला डेलिभरि

आवश्यकता

कुक	: १० जना
हाउस किपिङ	: १० जना
डिस वासर	: ५ जना

सम्पर्क :
होटल द ट्रान्स हिमालयन
पोखरा-६, लेकसाइड, फोन : ०६१-४६३५३१
मो.९८५६०४७३७१,९८२७१५०६१०

भावपूर्ण श्रद्धाञ्जली

जन्म:
वि.स.२००३/०५/०३

स्वर्गारोहण:
वि.स.२०७३/०३/०३

स्व. पार्वती बाँस्तोला

हाम्री ममतामयी माता/सासुआमा **पार्वती बाँस्तोला**को अकल्पनीय निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौं। उहाँको निधन भएको यस दुखद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै दुःखको यस घडिमा हामीप्रति सहानुभूति तथा समवेदनना प्रकट गर्नुहुने सम्पूर्ण आफन्तज्न, इष्टमित्र, कुलकुटुम्ब, घ्रदिष्मेक एवं सागर जानुहुने सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं।

छोरा / बुहारी : **शिवप्रसाद / विष्णु बाँस्तोला**
छोरा / बुहारी : **राजेश / सुजना बाँस्तोला**
एवं सम्पूर्ण बाँस्तोला परिवार, मौजा-७, कास्की

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कर्नर्स
एशियन पेन्टस्, रोयल इस्पोयराका साथै सिपेजको समस्या साबधान , वाटर प्रुफिङ् गरिन्छ ।
फोन : ०६१-४३०९६४, मो. ९८५६०३०९८७, ९८४६३२६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

पोखरामा पहिलो पटक
यौनदुर्बल : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, मुनाछा कसिलो बनाउन, पेटको घिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सस्तो सुधा पेनलिए।
सबै किसिमका यौन समस्या निदाएका बिरामीहरु भेटेर फर्कनु हुन्छ ।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
ठिक होला डेलिभरी

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin इवई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
तयारी कक्षा प्रगतिमा चलिरहेको छ ।
हाम्रा विशेषताहरु :-
❖७तपाईसित उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गाईमा पास गराउन सफल
सम्पर्क | **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचौकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला सँगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

सेक्यूरिटी गाईमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अलरवार्तांको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरु :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै स्थाती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
पृथ्वीचौकबाट २०० मि. तल, पोखरोटार जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडी, पोखरा सिटीमा कार्यालयहरुको भवन - लालकी माया)
फोन नं. ०६१-५३०८४८, ५३९६४६,
९८४६०४९४४९, ९८४६०४९४४६, ९८४६०४९४४१

देउसीभैलोमा नौमती बाजाको स्वाद

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ कार्तिक ।

तिहार नेपालीहरुको दोस्रो महानपर्व हो। यस पर्वको धार्मिक, वैदिक एवं आयुर्वेदिक रुपमा पनि छुट्टा-छुट्टै महत्व रहेको छ। तिहारलाई विभिन्न संघ-संस्थाले संस्था संचालनका लागि अर्थोपार्जन गर्ने एउटा महत्वपूर्ण अवसरका रुपमा पनि लिन्छन्। देउसी, भैलो एवं विभिन्न ढङ्गले आर्थिक सहयोग संकलन हुन्छन् यो तिहारमा तिहारमा रकम सङ्कलन गरेर धेरै संघ-संस्थाले रचनात्मक काम काम गरेका छन् भने कतिपयले पिकनिक एवं अन्य मनोरञ्जनात्मक क्रियालापमा खर्च गरेको पाइन्छ। यसैकममा पोखरामा रहेका धार्दिङवासीहरुको छाता संस्था धार्दिङ-पोखरा सम्पर्क समाजले यस वर्षको तिहारलाई एम्बुलेन्स संचालन गर्ने अवसरका रुपमा लियो। समाजले संचालन गर्ने गरी एम्बुलेन्स खरिद सहयोगार्थ आयोजित देउसीभैलो कार्यक्रम अन्यको तुलनामा निकै पृथक र रोचक रह्यो। समाजका लागि आर्थिक संकलन र एम्बुलेन्स महत्वपूर्ण हो।ला तर समाजले देउसीभैलोमा पञ्चे/नौमती बाजा प्रयोग गरेर पोखरेलीको ध्यान खिच्नुका साथै मन समेत जित्न सफल भयो। देउसी भेलोमा विशेषगरी मादल, भ्यूली, खैजडी र पछिल्लो पुस्तोले डेक बजाउने गरिएपनि समाजले पञ्चेबाजा बजायो। पञ्चेबाजा/नौमति बाजा बजाउने पनि धार्दिङ खाल्टेका ब्राम्हण १२/१५ वर्षका युवाहरु थिए। यी युवाहरुका पञ्चेबाजा र पोखराका चर्चित गायक-गायिकाको लोकदोहोरी गीतमा नचाच्ने र समाजलाई सहयोग नगर्ने कमै थिए। देउसीमा पञ्चेबाजा बजेपछि कतिपयले गाडीवाट ओर्लेर आफ्नो मोवाइल तथा क्यामेरामा भिडियो तथा तस्वीर कैद गरेका थिए।

समाजले यस कार्यक्रमवाट ९ लाख भन्दा बढी रुपैयां संकलन गर्न सफल भएको छ। कार्यक्रममा

समाजका अध्यक्ष युवराज खतिवडा र निवर्तमान कार्यसमिति सदस्य गुञ्जमान तामाङले जनही १ लाख रुपैयां भन्दा बढी सहयोग गरेका थिए। धार्दिङ समाजले यसअघि पनि देउसीभैलो कार्यक्रम आयोजना गर्ने जमकी नगरेको होइन तर विभिन्न कारणले सफल हुन सकेको थिएन। तर यसपटक नयां नेतृत्व पायो र नयां नेतृत्वको पहिलो कार्यक्रम अन्तर्गत नै देउसीभैलो कार्यक्रम सफलतापूर्वक सम्पन्न भयो।

समाजले आयोजना गरेको देउसीभैलो कार्यक्रमले महत्वपूर्ण आर्थिक सङ्कलनका साथै लोक संस्कृति जगेर्नामा महत्वपूर्ण टेवा पुगेको समाजका अध्यक्ष युवराज खतिवडा दावी गर्दछन्। 'खोल्टे एक विकट गाउँका युवाहरुले थालेको पञ्चेबाजा संरक्षण अभियान निकै चर्चामा छ, त्यो पञ्चेबाजालाई पोखरेलीको पनि मन जित्न सफल भएको छ', समाजका अध्यक्ष खतिवडा भन्छन्-'देउसीभैलो कार्यक्रम गरिब, दिनदुखी र असाहयका लागि एम्बुलेन्स महत्वपूर्ण हो, यसका लोक, संस्कृति र मौलिक परम्परा संरक्षण गर्नुका साथै खाल्टे धार्दिङका १२/१५ वर्षका युवाको पञ्चेबाजा संरक्षण अभियानमा समेत महत्वपूर्ण टेवा पुगेको छ।'

उनले अवको ३ महिनाभित्र समाजले एम्बुलेन्स संचालन गर्ने बताए। समाजले पहिलोपटक आयोजना गरेको देउसीभैलो कार्यक्रम सोचेभन्दा बढी सफल भएको अध्यक्ष खतिवडाले बताए। उनले भने-'समाजको वर्तमान कार्यसमितिमा अधिकांश युवा छन्, युवाको नयां र तातो जोशले कार्यक्रम सफलता पूर्वक सम्पन्न भयो, यसले छिट्टै एम्बुलेन्स संचालन हुन्छ।' समाजका हालै निर्वाचित नेतृत्वप्रति धेरैको आशा र भरोषा रहेकाले यो टीमले नयां रचनात्मक काम गर्दै अघि बढ्ने उनले स्पष्ट पारे। अध्यक्ष खतिवडाले भने-'पोखरामा करिब ४० हजार धार्दिङवासी रहेको दावी गरिन्छ तर धार्दिङ समाजले सोचे अनुरुप काम गर्न नसकेका कारणले पनि यो नेतृत्वप्रति धेरैको भरोषा रहेको छ।' समग्र धार्दिङवासीलाई एकजुट बनाएर रचनात्मक काममा आफ् लागिएर उनले बताए। समाजको आफ्नै जग्गामा भवन, संस्थाको वेवसाइट र स्मारिका प्रकाशन, सहकारी संचालन आफ्नो कार्यकालको मुख्य योजना रहेको अध्यक्ष खतिवडाले स्पष्ट पारे। समाजको वर्तमान कार्यसमितिमा अधिकांश युवा रहेका छन्। समाजका यो टीमलाई अवसर भन्दा चुनौती बढी महसुस गरिएपनि देउसीभैलो कार्यक्रमले नयां टीमलाई हौसला बढाइएको छ। एक दिनको तयारीले कार्यक्रम सफल भएको दावी गर्छन् समाजका महासचिव एवं पत्रकार हरि पन्त। उनले भने-'सुरुमा देउसीभैलोमा पञ्चेबाजा समावेश गरेकोमा समाजकै केही व्यक्तिले विरोध गरेका थिए तर कार्यक्रमले सफलता पाउँदै र सबैको ध्यान केन्द्रित गर्दै जान थालेपछि तिनै व्यक्ति कार्यक्रममा सहभागी भएर नाच्नुका साथै आर्थिक सहयोग समेत गरेका थिए' छोटो समयको तयारीले पनि देउसीभैलो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छिट्टै समाजले एम्बुलेन्स संचालन गर्ने उनले बताए।

समाजका सबै पदाधिकारी एवं सदस्यहरुको महत्वपूर्ण सहयोगले देउसीभैलो कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको कार्यक्रम संयोजक एवं कार्यसमिति सदस्य माधव लम्सालले बताए। 'समाजको यो टीम केही नयां र रचनात्मक काम गर्ने जोसका साथ अघि बढेको छ। देउसीभैलो कार्यक्रम टीमको नयां र पहिलो कार्यक्रम हो। कार्यक्रमले थप उर्जा प्रदान गरेको छ, यसले अन्य काम पनि सहजतापूर्वक गर्न सकिन्छ भन्ने विश्वास बढेको छ'-संयोजक लसालले भने।

२०५५ सालमा स्थापित समाजले रक्तदान, जिल्लामा छात्रवृत्ति वितरण, पोखरामा रहेका धार्दिङवासीको समस्या समाधान लगायतका रचनात्मक काममा सक्रिय हुँदै आएकोमा अब एम्बुलेन्स संचालन गरेर थप रचनात्मक सामाजिक कार्यको थालनी हुनेछ। समाजका अग्रज एवं पूर्व अध्यक्ष कृष्ण कुमार श्रेष्ठ भन्छन्-'यसअघि समाजले पुरानो कार्यलाई निरन्तरता दिन पनि धौ-धौ थियो, यसपटक नयां टीमले देउसीभैलो कार्यक्रम गरेर एम्बुलेन्सनै संचालन गर्ने जमको गरेपछि हामीहरु सबै तवरले सहयोग गर्ने तत्पर छौं, यो युवा टीमप्रति सबैको भरोषा पनि छ।' देउसी भैलो जस्तै अन्य रचनात्मक काममा आफ्नो प्रतिवद्धता अनुरुप टीम अघि बढे सबैको सहयोग पाउने उनको विश्वास छ।

समाजका निवर्तमान वरिष्ठ उपाध्यक्ष एवं सल्लाहकार गोकर्ण लम्सालले काम गर्ने दौरानमा कोही कसैको चित्त नबुझेमा सबैलाई चित्त बुझ्ने गरि काम गरेर नयां टीमले देखाउनुपर्नेमा जोड दिए। उनले भने-'सामाजिक संस्थामा बसेर कसैको चित्त दुखाउन हुँदैन, यहि कसैको चित्त दुखेमा मिलाएर अघि बढ्न नेतृत्व अग्रसर हुनुपर्छ।' समाजको नयां नेतृत्वले थालनी गरेको पहिलो नयां कार्यक्रम रचनात्मक रहेकाले सबैको भावनात्मक सहयोग रहेको उनले बताए।

धार्दिङ-पोखरा सम्पर्क समाज पोखराका अन्य समाजहरु भन्दा बढी क्रियाशील संस्था हो। धार्दिङ समाजकै अगुवाइमा केही वर्ष अघि अन्तरसमाज महासंघ राष्ट्रिय समिति गठन भइ हालसम्म क्रियाशील छ। समितिमा ५० वढी जिल्लाका समितिहरु आवद्ध भइसकेका छन्। धार्दिङ समाजमा ७ वटा उप-इकाइ समितिहरु समेत क्रियाशील छ। समाजमा हाल करिव ७०० आजीवन तथा एक हजार बढी साधारण सदस्य आवद्ध छन्।

प्रवासीको सहयोगमा पुस्तकालय स्थापना

गोल्डेन न्यूज संवाददाता
म्यादी १८ कार्तिक ।

प्रवासीको सहयोगमा म्यादीको हिस्तान गाविसको घरामदी निमाविमा पुस्तकालय स्थापना गरिएको छ। विद्यार्थीको पढाइप्रति रुचि बढाउने उद्देश्यले पुस्तकालय स्थापना गरिएको हो। पुस्तकालयमा पुस्तक खरिद र फर्निचर व्यवस्थापनका लागि प्रवासीवाट चार लाख ३० हजार नौ सय ७२ सहयोग प्राप्त भएको प्रधानाध्यापक तीर्थबहादुर पुनले बताए।

हाल बेलायतमा रहेका घरामदीका वासिन्दले पुस्तकालय स्थापनाका लागि सहयोग सङ्कलन गरेर पठाएका थिए। पुस्तकालयमा पाठ्यक्रम, साहित्य, बालसाहित्य, इतिहास, राजनीति, धर्मलगायत विधाका करिव एक हजार थान पुस्तक रहेका छन्। विद्यार्थीका अतिरिक्त गाउँका अभिभावक र युवायुवती पनि पुस्तकालयमा अध्ययनका लागि आउने गरेका छन्। सो विद्यालयले कम्प्युटर विषयका साथै अडियो र भिडियोको माध्यमवाट समेत पठनपाठन गराउन थालेको छ। कक्षा ८ सम्मको पढाइ हुने सो विद्यालयमा ५० जना विद्यार्थी रहेका छन्।

यसैगरी म्यादीको हिस्तान-१ र २ मा पर्ने घरामदीका महिलाले सामुदायिक भवन निर्माण गरेका छन्। घरामदी आमा समूहको पहलमा रु चार लाखको लागतमा दुईतले सामुदायिक भवन निर्माण भएको हो। जिविसको रु दुई लाख अनुदान र स्थानीय वासिन्दाको रु दुई लाख वरावरको श्रमदानमा भवन निर्माण भएको आमा समूहकी सदस्य सुजिना पुनले जानकारी दिए। भवन निर्माणका लागि घरामदीका एक सय २६ घरधुरीले एक दिनका दरले श्रमदान गरेका थिए। पुरानो भवन जीर्ण बनेपछि त्यसलाई भत्काएर नयां बनाएको सदस्य पुनले बताए। भवन निर्माण समितिमा सबै महिला रहेका थिए। नौ सदस्यीय निर्माण समितिका महिलालाई गाउँका अगुवा तथा पुरुषले पनि भवन निर्माणको काममा सहयोग गरेका थिए। सामुदायिक भवन निर्माण भएपछि गाउँमा सार्वजनिक कार्यक्रम आयोजना, भेला, सम्मेलन तथा छलफल गर्न सहज भएको छ।

तनहुँमा दुर्घटना, ३ घाइते

तनहुँ १८ कार्तिक ।

तनहुँको जामुने-९ धरेरेमा बुधवार बसले स्कुटर चालकलाई ठक्कर दिँदा स्कुटरमा सवार तीनैजना घाइते भएका छन्। ठक्करवाट घाइते भएका व्यास नगरपालिका-११ की २२ वर्षीया ममता दुलाललाई तत्काल उपचारका लागि मणिपाल शिक्षण अस्पताल पोखरा पठाइएको र सोही ठाउँका स्कुटर चालक २५ वर्षीय भीम दुलाल र ममताका छोरा ३ वर्षीय अमन दुलालको दमौलीस्थित रत्नहरि अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। पोखराबाट दमौली आउँदै गरेको नार्प्स ४०१८ नंको मिनीबसले विपरीत दिशाबाट जादै गरेको गप्प ८६६६ नंको स्कुटरलाई उक्त ठाउँमा ठक्कर दिएको हो। बस चालकलाई थपु प्रहरी चौकीले नियन्त्रणमा लिइ अनुसन्धान थालेको छ।

ज्ञवालीको स्मृतिमा शोकसभा

पोखरा १८ कार्तिक ।

पोखरा रक्त संचार केन्द्रका वरिष्ठ प्राविधिक अर्जुन ज्ञवालीको ममतामयी माता देवकला ज्ञवालीको स्मृतिमा शोकसभा भएको छ। ब्राम्हण समाज पोखरा-१२ को आयोजनामा भएको शोकसभामा स्व.देवकला ज्ञवालीले पुऱ्याएको योगदानको चर्चा गर्दै सामूहिक भेटी तथा समवेदना पत्र समाजका अध्यक्ष बोधराज घिमिरेले हस्तान्तरण गरेका थिए।

समाजले स्थानीय स्तरमा अभिलेखीकरण गर्ने, सुख दुःखमा समावेश हुने, प्रोत्साहन, स्वागत र सम्मान गर्ने कार्यलाई अगाडि बढाएको सल्लाहकार ऋषिराम लामिछानेले बताए। कार्यक्रममा क्षत्री समाजका केन्द्रीय सचिव कृष्ण थापा, ढिकालेथर टोल विकास संस्थाका अध्यक्ष गुप्तबहादुर कार्की, रेडक्रस पोखरा १२ का अध्यक्ष सूर्यप्रसाद आचार्य, ढिकालेथर सेवा समाजका उपाध्यक्ष सूर्यबहादुर के.सी., सचिव बलराम ढुङ्गाना, उपाध्यक्ष कृष्णप्रसाद गौतम, स्व.ज्ञवालीका छोरा भुवन ज्ञवाली लगायतले समवेदना मन्तव्य राखेका थिए।

ज्ञवालीका तीन छोरा रामप्रसाद ज्ञवाली, हिमलाल ज्ञवाली, अर्जुन ज्ञवाली र तीन छोरी र नाति नातिनाहरु रहेका छन्। ज्ञवालीको ७३ वर्षको उमेरमा कार्तिक ९ गते उपचारको क्रममा आफ्नै निवासमा मृत्यु भएको थियो।

मुखर्जीको आगमन पोखराका लागि महत्वपूर्ण

पोखरा १८ कार्तिक ।

अधिल्लो वर्ष पोखरामा सम्पन्न सार्क मन्त्रीपरिषद् बैठक (मिनी सार्क सम्मेलन) र बेलायती राजकुमार ह्यारीको पोखरा भ्रमणले अन्तर्राष्ट्रिय चासो र चर्चाको विषय बनेको पोखरा यतिखेर भारतीय राष्ट्रपति प्रणब मुखर्जीको स्वागतको अन्तिम पर्खाइमा छ। विश्वका प्रमुख पर्यटकीय गन्तव्यमध्येमा एक महत्वपूर्ण गन्तव्यका रूपमा आफ्नो पहिचान स्थापित गरेको पोखरा पछिल्ला समयमा अन्तर्राष्ट्रियस्तरका महत्वपूर्ण व्यक्तिको भ्रमणको स्थल समेत बन्दै यसको गरिमा र महत्व अझै बढाएको छ। भारतीय राष्ट्रपतिको शुक्रवार हुन लागेको पर्यटकीय नगरी पोखराको भ्रमणले यो विदेशी राष्ट्रप्रमुखको भ्रमणको प्राथमिकतामा पनि परेको पश्चिमाञ्चल क्षेत्रीय प्रशासक खगराज बराल बताउछन्।

"राष्ट्रपति मुखर्जीको भ्रमणले पोखराको गरिमा र महत्वलाई थप उचाइमा पुऱ्याएको छ," उनले भने-"नेपाल भ्रमणको कार्यक्रममा पोखरा पनि पर्नु यहाँका लागि महत्वपूर्ण अवसर हो।" राष्ट्रपतिको पोखरा भ्रमणलाई भव्य बनाउनका लागि सम्पूर्ण तयारी गरिएको उनले जानकारी दिए। पर्यटकीय नगरी पोखरामा भारतीय राष्ट्रपतिको आगमन पोखराको पर्यटकीय विकासका लागि पनि महत्वपूर्ण अवसर भएको पर्यटन सम्बद्ध व्यक्तिको धारणा छ। पोखरा पर्यटन परिषद्का अध्यक्ष सोम थापाले भारतीय राष्ट्रपतिको नेपाल भ्रमणका क्रममा पोखरा आगमन हुने विषयले स्वभावतः अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा पनि स्थान पाउने बताउछन्।

"राष्ट्रपतिको आगमनसँगै पोखरा अति विशिष्ट दर्जाका व्यक्तिको भ्रमण स्थलसमेत हो भन्ने कुरालाई चरितार्थ गर्दछ," थापाले भने,-"यस भ्रमणसँगै पोखराले विश्वका विशिष्ट पाहुनालाई समेत आकर्षित गर्नुका साथै पोखरा पर्यटनको सुरक्षित गन्तव्य भएको कुरालाई स्वतःस्फूर्त रूपमा अन्तर्राष्ट्रिय रूपमा स्थापित गराउनेछ।" सांस्कृतिक, भौगोलिक लगायतका विविध कारणले युगौंदेखि मित्रवत् सम्बन्ध रहेको मित्रराष्ट्र भारतका राष्ट्रपतिको नेपाल भ्रमण आफैंमा महत्वपूर्ण उपलब्धि भएको बताउने पश्चिमाञ्चल होटेल सङ्घका अध्यक्ष भरतराज पराजुली उनको पोखरा भ्रमण सम्पूर्ण पर्यटन व्यवसायीका लागि सुखद पक्ष भएको बतउँछन्। भुक्तप्पछिको पर्यटनमा भारतीय पर्यटकको कम आगमन भएको अवस्थामा पर्यटकीय नगरी पोखरामा पनि उनको भ्रमणको कार्यक्रम रहनुले भारतीय पर्यटक थप आकर्षित गर्न महत्वपूर्ण सहयोग पुग्ने पराजुलीले बताए। अत्यन्त अनुकूल मौसमको समयमा हुन लागेको भारतीय राष्ट्रपतिको पोखरा भ्रमणको कार्यक्रमले विश्वका अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको ध्यानसमेत आकर्षित गर्ने बताउँदै उनले भ्रमणसँगै अन्तर्राष्ट्रियस्तरमा यहाँको पर्यटन प्रवर्द्धनमा पनि थप सहयोग पुग्ने विश्वास व्यक्त गरे।

भ्रमणले पोखराको गरिमा र महत्वलाई थप उचाइमा पुऱ्याउने पोखराका वरिष्ठ समाजसेवी एवम् उद्यमी गणेशबहादुर श्रेष्ठले बताए। "पोखरेली जनता भारतीय राष्ट्रपतिको न्यानो स्वागतको अन्तिम तयारीमा छन्," स्वागत व्यवस्थापन उपसमितिका संयोजकसमेत रहेका श्रेष्ठले भने-"पोखरामा उहाँलाई यहाँका धार्मिकस्थलको अवलोकन गराउन र नागरिक अभिनन्दनसमेत गर्न पाएको भए अझै राम्रो हुने थियो।" अन्तर्राष्ट्रियस्तरका अति विशिष्ट पाहुनालाई पोखरामा स्वागत गर्न पाउनु समय पोखरावासीका लागि महत्वपूर्ण उपलब्धि एवम् अवसर भएको उनको भनाइ छ। रासस

तरुणदलको...

नेपाली कांग्रेस कास्कीको नेताहरुसंग तथा तरुणदलका जिल्ला र क्षेत्रका प्रतिनिधिहरु संग छुट्टा-छुट्टै ४ वटा बैठक गरेको थियो। त्यसपछि पोखराका पत्रकारहरुसंग भेटघाट गरि महाधिवेशनको तयारीवारे जानकारी गराइएको हो।

अध्यक्ष राणाका अनुसार ६८ जिल्लामा जिल्ला अधिवेशन सम्पन्न भएको र बाँकी जिल्लामा केहि विवाद भएपनि क्षेत्र र नगर अधिवेशन सम्पन्न भएकाले प्रतिनिधिहरु सहभागी हुन पाउनेछन्। जिल्ला अधिवेशन सम्पन्न गर्न नसकेका तर क्षेत्र र नगर अधिवेशन गरेका जिल्लाबाट क्षेत्रीय र नगर स्तरीय प्रतिनिधिहरु सहभागी हुन पाउनेछन्। महाधिवेशनमा जिल्ला अधिवेशन भएका जिल्लाबाट ८ जनाका दरले, प्रत्येक निर्वाचन क्षेत्रबाट २ जना, नगरपालिकाबाट १ जना, उपमहानगरपालिकाबाट दलको अध्यक्ष सहित २ जना, महानगरपालिकाबाट अध्यक्षसहित ३ जना, विदेश विभागबाट प्रत्येक देशका ३ जना, केन्द्रीय समितिका ४५ जना र अध्यक्षले मनोनित गर्ने २० जना सहभागी बन्नेछन्।

तरुणदलमा हाल ६१ सदस्यीय कार्यसमिति रहेपनि नयां कार्यसमिति ७५ सदस्यीय सम्म पुऱ्याउने योजना छ। प्रादेशिक रुपमा कार्यसमितिको चयन गर्नका लागि वर्तमान अञ्चलको व्यवस्थालाई परिवर्तन गरि प्रत्येक प्रदेशबाट २ जनाका दरले निर्वाचित हुने प्रावधान राख्ने तयारी भइरहेको नेपाल तरुण दलका केन्द्रीय सदस्य ऋषिराम काफ्लेले बताए। पत्रकार सम्मेलनमा बोल्दै तरुण दलका केन्द्रीय सदस्य जन्मजय तिमिल्सिनाले महाधिवेशन प्रतिनिधिहरुको आवास र भोजनका लागि पेस्की रकम समेत दिइसकेको र भव्यताका साथ महाविधेशन समयमै हुने तयारी भइरहेको बताए।

कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण केसी र तरुण दल कास्कीका सभापति मनोज गुरुङ लगायतले पोखरामा हुने तरुण दलको महाविधेशन सफतापूर्वक सम्पन्न गर्न सबै लाग्नुपर्नेमा जोड दिएका थिए।

के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सुस्वा यौन रोग, स्वप्नदोष ।
महिलाहरुमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवीका साथै अन्य घरेलोहरु ।

महिला वा पुरुषमा हुने (बाँझोपन) मि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३८९८४, ९८४६०४१५३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

पिज्जा हाउस सेन्टरप्वाइन्टमा सर्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा १८ कार्तिक ।

पोखराको पिज्जामा छुट्टै स्वाद दिएर पोखरेलीको मन जित्न सफल पोखरा पिज्जा हाउस सेन्टरप्वाइन्टमा सर्ने भएको छ। हल्लनचोकबाट पामे जाने बाटोमा ६ वर्षदेखी सञ्चालन हुँदै आएको पोखरा पिज्जा हाउस सेन्टर प्वाइन्टस्थित पिपलबोट पश्चिममा सरेको हो। सेन्टरप्वाइन्टमा सरेको पिज्जा हाउस शनिवारदेखि सञ्चालनमा आउने सञ्चालक विजय गुरुङले जानकारी दिए।

छुट्टै स्वादका कारण लोकप्रिय बनेको पिज्जा हाउस पहिलेको ठाउँमा केही दिनदेखि बन्द भएपछि ग्राहकहरु त्यहाँ पुगेर फर्कने गरेका छन्। नयाँ ठाउँमा सरेको थाहा नभएका ग्राहकहरु बन्द भएको देख्दा मन खिन्न गरेर फर्कने गरेको सुन्दा आफूलाई दुःख लागेको गुरुङले बताए।

तर हामी नयाँ ठाउँ सेन्टरप्वाइन्टमा सरेका छौं,-गुरुङले भने-'हामी हाम्रा ग्राहकलाई थप सन्तुष्टी दिन नयाँ सरेका हौं, पहिलेको ठाउँ साँघुरो भएकाले खुल्ला ठाउँमा सर्दा ग्राहकलाई दुःख परेको छ, यसमा हामी क्षमा प्रार्थी छौं।' उनले नयाँ ठाउँमा आएर पिज्जाको मज्जा लिन ग्राहक तथा शुभचिन्तकलाई आग्रह गरेका छन्। पोखरा पिज्जा हाउसले पोखरामा मात्र हैन काठमाडौंमा समेत पोखरेली पिज्जाको स्वाद चखाउँदै आएका छन्। उनले काठमाडौंको धुमवराहीमा फ्रेञ्चाइजी खोलेर सेवा दिइरहेका छन्। उनले केही पछि हेटौंडा, ललितपुर लगायतका ठाउँमा पनि फ्रेञ्चाइजी खोल्ने सोच बनाएका छन्।

कर्मचारी चाहियो

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर — संख्या : केही
पद : डिसवासर — संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५३६३०५

Study in **Japan**
Czech Republic
USA, Australia, Norway

- 100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
- SLC passed can apply . **April Intake**
- Almost all intake **czech Republic** .
- Free Education in **Norway** & **Finland** .
- Help to make all kind of documentation for any Countries .

Now Running IELTS, JLPT Classess

ROMAN EMPIRE
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail .com, Website: www .goldennews .com .np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा